जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १८४ २०८२ साल फागुन ९ गते शनिबार (21 Feb 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रमुख राजनीतिक दलको ... ३ पृष्ठमा : माध्यमिकी परिक्रमालाइ ... ३ पृष्ठमा : भारत अमेरिका नेतृत्वमा ...

## चौथो जित निकाल्ने दाउमा तेजुलाल, पुराना सहकर्मी र नयाँ अनुहारको चुनौती



**तेजुलाल चौधरी**
**उम्मेदवार**
**नेपाली काँग्रेस**



**सिताराम साह**
**उम्मेदवार**
**रास्वपा**



**डा. बबिसिंह यादव**
**उम्मेदवार**
**जसपा नेपाल**



**गंगा प्रसाद चौधरी**
**उम्मेदवार**
**नेकपा एमाले**



**रुबी कर्ण**
**उम्मेदवार**
**नेकपा**

**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरीको क्षेत्र नं. ४ मा पुराना र नयाँ उम्मेदवारबीच कडा प्रतिस्पर्धा देखिएको छ ।

यस क्षेत्रमा लगातार तीनपटक चुनाव जितेका पूर्व साँसद तेजुलाल चौधरीलाई चौथो जितका लागि काँग्रसले पुन: उम्मेदवार बनाएको छ । उनलाई भने यस पटक काँग्रेसमै रहेका तर केही दिन अघि मात्र रास्वपाबाट टिकट लिए चुनावी प्रतिष्पर्धामा उत्रेका सीताराम साहसँग कडा प्रतिष्पर्धा हुने देखिएको छ ।

रास्वपाबाट उम्मेदवार भएका सिताराम साह काँग्रेस पृष्ठभूमीका व्यक्ति हुन् । लामो समय काँग्रेसबाट राजनीति गर्दै आएका सिताराम अहिले फरक राजनीति पृष्ठभूमीबाट उम्मेदवारी दिएका छन् । पुराना सहकर्मीले साथ मात्र छोडेको छैन् प्रतिस्पर्धी नै बनेपछि तेजुलाललाई चौथो पटक जित निकाल्न सकस पर्ने स्थानिय मतदाताहरुको आकलन छ । स्थानिय मतदाताहरु भन्छन् "२०७० साल देखि निरन्तर संसदीय निर्वाचनमा विजयी हासिल गर्दै आएका काँग्रेसको तेजुलाललाई यसपटकको प्रतिस्पर्धा अघिल्ला चुनाव भन्दा भिन्न र कठिन देखिएको छ ।"

अघिल्ला निर्वाचनहरुमा सिताराम तेजुलालको निकट सहयोगी भएर काम गरेका थिए । सितारामले नयाँ राजनीतिक शक्तिको प्रतिनिधित्व गर्दै बैकल्पिक राजनीतिक शक्ति र सुशासनलाई आफ्नो मुल मुद्दा बनाएका छन् भने तेजुलाल चौधरीले आफ्नो कार्यकालमा विकास निर्माणका थुप्रै काम सम्पन्न गरेको र अधुरा कामलाई गति प्रदान गर्ने एजेन्डा अघि सारेका छन् ।

यस्तै जसपा नेपालकी नेतृ डा. बबिसिंह यादव र पुराना एमाले नेता एवं पूर्व सासंद गंगा प्रसाद चौधरीसमेत चुनावी प्रतिष्पर्धामा उत्रेपछी उक्त क्षेत्रमा यस पटक रोचक प्रतिष्पर्धा देखिने भएको छ ।

जसपा नेपालबाट उम्मेदवार बनेकी डा. बबि सिंह यादव पनि स्थानिय जनता माझ लोकप्रिय छिन् । उनीहरुले पनि राजनीति स्पेश बढाउँदै लगेकाले चुनावी महौल झनै रोचक बन्दै गएको छ । उनी राजनीतिक परिवारीक पृष्ठभूमीबाट आएकी हुन् । उनको बुबा मृगेन्द्र कुमार सिंह यादव हालै राष्ट्रिय सभा सदस्यको कार्यकाल पुरा गरेका छन् । विगतमा उनी समेत भइसकेका व्यक्ति हुन् ।

विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी कुल २४ जना उम्मेदवार चुनावी मैदानमा रहेको यस क्षेत्रमा ती चार जना बाहेक नेपाली कम्युनिष्ट पार्टीका रुवी कुमारी कर्ण पनि मुख्य प्रतिस्पर्धामा देखिएका छन् ।

नेकपाबाट उम्मेदवार बनेकी रुवी कर्ण केन्द्रिय सदस्यको जिम्मेवारीमा समेत छिन् । उनी मधेश प्रदेश सरकारमा आन्तरिक मामिला तथा गृह सञ्चार राज्यमन्त्रीको रुपमा काम पनि गरी सकेकी छिन् ।

यस क्षेत्रमा नागरिक उन्मुक्ति पार्टी नेपालका रामाकान्त चौधरी, जनमत पार्टीका जितेन्द्र कुमार साह, राष्ट्रिय प्रजातन्त्र पार्टीका रुप कुमार न्यौपाने, उज्यालो नेपाल पार्टीका विशो कुमार यादव, आम जनता पार्टीका अनिता कुमारी चौधरी लगायतका उम्मेदवार पनि जित निकाल्न प्रयास गरिरहेका छन् ।

यस क्षेत्रमा एक लाख ९ हजार ५ सय ६६ मतदाता छन् । यसक्षेत्रमा बोदेबरसाइन नगरपालिका, खडक नगरपालिका, सुरुङ्गा नगरपालिका तथा बलान बिहुल गाउँपालिका गरी कुल चार पालिका पर्दछ । जसमध्ये २०७९ सालको स्थानियतहको निर्वाचनमा बोदेबरसाइन नगरपालिकामा जसपा नेपाल, खडक नगरपालिकामा तत्कालिन नेकपा माओवादी केन्द्र, सुरुङ्गा नगरपालिकामा नेपाली काँग्रेस र बलान बिहुल गाउँपालिकामा जनमत पार्टीका उम्मेदवारले जितेका छन् ।

## अपहरणमा परेकी सात बर्षीया बालिकाको उद्दार



**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

सप्तरीको खडक नगरपालिकाबाट अपहरित एक ७ बर्षीय बालिकालाई प्रहरीले दुई दिनपछि सकुशल उद्दार गरेको छ ।

उक्त पालिकाको वडा नं. ८ विसनपुर टोलका इमरान खानकी ७ बर्षीया छोरी आसु खातुन भन्ने नेहालाई बिहीबार साँझ प्रहरीले उद्दार गरेको हो ।

दुईदिन अघि मंगलबार साँझ उनी परिवारजनसंग सम्पर्क विहीन भएकी थिईन् । यता अपहरणकारीले फिरौती वापत रकम माग्दै फोन गरेपछि उनको अपहरण भएको खुलेको थियो ।

गोप्य सुचना तथा विभिन्न प्रविधिको प्रयोगको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीको कमाण्डमा इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरीक्षक संजिव वोगटी, प्रहरी चौकी विसनपुर प्रहरी सहायक निरीक्षक हरेन्द्र प्रसाद यादव सहितको संयुक्त प्रहरी टोलीले रुपनी गाउँपालिका १ स्थित खाँडो खोला नजिकको एकान्त स्थलमा राखेको अवस्थामा बालिकाको उद्दार गरेको हो ।

बालिका अपहरणमा संलग्न रहेका खडक नगरपालिका ९ लालपट्टी टोलका ३० बर्षीय ईम्तियाज अहमद पक्राउ परेका छन् । शुक्रबार उनलाई अपहरण तथा शरीर बन्धक, मानव बेचबिखन तथा ओसारपसार कसुरमा सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पुरीले बताए ।

यसअघि मंगलबार साँझ नेहा सम्पर्क बिहीन भएपछि परिवारजन खोजतलाशका लागि आफन्तजनका साथ प्रहरीमा पुगेका थिए । प्रहरीले खोज तलाश गरी रहेकै बेला अपहरणमा परेकी बालिकाका बुवा इमरानलाइ अपहरणकारीले फोन गरी फिरौती वापत एक करोड रुपैयाँ तथा ५ किलो सुन मागेको प्रहरीको भनाई छ ।

अपहरणकारीले उक्त फिरौती रकम लिएर खाँडो खोला नजिक नआए छोरीको ज्यानै जान सक्ने भन्दै इमरानलाई धम्काएको अनुसन्धानको क्रममा खुलेको छ । ईम्तियाजले फिरौतीकै लागि उक्त दिन घर नजिकै खेली रहेकी नेहालाई मोटरसाईकलमा राखि अपहरण गरि लिई गएको स्वीकारेका छन् ।

उद्दार गरिएकी बालिकाको स्थानिय गजेन्द्रनाराण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण गरि परिवारजनको जिम्मा लगाइएको छ ।

## अचारसंहिता विपरित कुनै पनि गतिविधिमा नलाग्न पत्रकार महासंघ सप्तरीको अपिल

**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

नेपाल पत्रकार महासंघ सप्तरीले आफ्नो गरिमा कायम राख्न महासंघ सप्तरीका सदस्य तथा सबै संचारकर्मीलाई आग्रह गर्दै अचारसंहिता विपरितको कुनै पनि गतिविधिमा नलाग्न अपिल गरेको छ ।

महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवद्वारा शुक्रबार जारि विज्ञप्तिमार्फत आगामी फागुन २१ गते सप्तरीसहित देशभर प्रतिनिधिसभा सदस्य निर्वाचन हुन गइरहेको सन्दर्भमा सो अपिल गरिएको हो ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन निर्वाचन आयोगले जारी गरेको आचारसंहितासंगै पत्रकार आचारसंहिता पालना सबैको दायित्व रहेको भन्दै आचारसंहिता विपरित अमुक दल, अमुक दलका उम्मेदवारको प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा उम्मेदवारको तर्फबाट प्रतिक्रिया जनाउने, आचारसंहिता विपरित समाचार सम्प्रेषण गर्ने, सामाजिक सञ्जालमा उम्मेदवार लक्षित टिप्पणीहरुमा उम्मेदवारको तर्फबाट खण्डन गर्ने जस्ता कृयाकलापमा संलग्न नहुन शाखाका सम्पूर्ण सदस्य एवं पत्रकारसँग विज्ञप्ति मार्फत अनुरोध गरिएको छ ।

"पत्रकारहरुबाट हुने यस्तो क्रियाकलापले आचासंहिताको उल्लंघन गर्नुका साथै स्वतन्त्र, निष्पक्ष पत्रकारिता माथि पनि प्रश्न चिन्ह खडा गर्नेछ । यस्तो क्रियाकलापले नेपाल पत्रकार महासंघ संगै समग्र पत्रकारिताकै गरिमा घटाउने छ । निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिता विपरितको कार्यमा लागेका नेपाल पत्रकार महासंघ सप्तरीका सदस्यहरुलाई राजनीतिमा लाग्न वा नैतिक रुपमा स्वनियमनलाई आत्मसात गरी महासंघको गरिमा जोगाउन हार्दिक आग्रह गर्दछौं ।" विज्ञप्तिमा

***बाँकी अन्तिम पृष्ठमा***

**प्रजातन्त्रको सम्मान गरौं।**

❖राज्यशक्तिका स्रोत जनता हुन्।
❖निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
❖आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
❖नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
❖प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
❖कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
❖शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
❖सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
❖सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रमुख राजनीतिक दलको घोषणापत्र : ऊर्जा क्षेत्र विशेष प्राथमिकतामा

**रमेश लम्साल**
काठमाडौँ, ८ फागुन (रासस)।

प्रमुख राजनीतिक दलले मुलुकको आर्थिक समृद्धिसँग जोडिएको प्रमुख क्षेत्रका रूपमा ऊर्जा क्षेत्रलाई चित्रण गर्दै आफ्ना घोषणापत्रमा विशेष स्थान दिएका छन् । उनीहरूले विभिन्न समयसीमा निर्धारण गरेर कार्यान्वयन पक्षमा रहेको जटिलता हटाउने र ऊर्जा क्षेत्रमैत्री वातावरण बनाउने योजनासमेत अगाडि सारेका छन् ।

आन्तरिक खपतको वृद्धि, रोजगारी सृजना तथा ऊर्जा कूटनीतिमार्फत क्षेत्रीय बजारमा बिक्री गर्ने लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेका छन् । नीतिगत जटिलताको अन्त्य, आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी निजी क्षेत्रलाई धक खोलेर लगानी गर्ने वातावरण बनाउने विषय घोषणापत्रमा समेटिएका छन् । वाचापत्र, प्रतिबद्धतापत्रजस्ता नाम दिइएका राजनीतिक दलका घोषणापत्रमा यसपटक सबैको साझा एजेन्डाका रूपमा ऊर्जा क्षेत्र पर्न गएको छ ।

कुनै राजनीतिक दलले १० वर्षको योजना अगाडि सारेका छन्, कुनै राजनीतिक दलले पाँच वर्षको नीति अवलम्बन गर्ने लक्ष्य राखेको छ । सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यको हाराहारीमा नै रहेर प्रमुख दलले ऊर्जा मिश्रण तथा वैकल्पिक ऊर्जालाई पनि उत्तिकै प्राथमिकता दिएको देखिन्छ ।

कार्यक्रमिक रूपमा नेपाली कांग्रेसले 'पर्याप्त ऊर्जा : दिगो विकास'को नारा दिएको छ । त्यसमा आगामी पाँच वर्षमा देशको कुल विद्युत् जडित क्षमता १४ हजार मेगावाट पुर्‍याउने लक्ष्य लिएको छ । उज्यालोमात्र होइन, आर्थिक उपार्जन सेयरबाट स्वरोजगारका रूपमा सो दलले यस क्षेत्रको दिगो र दीर्घकालीन विकासलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

यस्तै, प्रतिव्यक्ति विद्युत् खपत ७५० युनिट पुर्‍याउने, बढ्दो खपत, घट्दो महसुलको अवधारणा लागू गर्ने, राष्ट्रिय ऊर्जा सुरक्षा नीति बनाई ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै नागरिकलाई स्वच्छ र गुणस्तरीय ऊर्जा सुनिश्चित गर्ने कांग्रेसको योजना छ । यस्तै, पेट्रोल, डिजेललाई क्रमशः प्रतिस्थान गर्दै जाने लक्ष्य कांग्रेसको छ ।

"नेपाली कांग्रेसले ऊर्जा विकासलाई प्राथमिकतामा राखेको यथार्थ पार्टीको सरकारले २०४९ सालमा ल्याएको जलविद्युत् विकास नीति र हालसम्म पनि प्रचलनमा रहिरहेको विद्युत् ऐन, २०४९ का साथै जलविद्युत् विकास नीति, २०५८ बाट स्पष्ट हुन्छ", सो दलको घोषणापत्रमा भनिएको छ ।

ठूलाठूला राजनीतिक परिवर्तन र सङ्क्रमणकालीन अस्थिरताले गर्दा अन्य क्षेत्रझैँ ऊर्जा उद्योगले पनि नीतिगत सुधारको यथोचित लाभ लिन नसकेको यथार्थता कांग्रेसले स्वीकार गरेको छ ।

कांग्रेसले लागू गरेको उदार जलविद्युत् नीतिकै जगमा आजको ऊर्जा उद्योग उभिएको दाबी गरिएको छ । अनुभवी प्राविधिक जनशक्तिको उपलब्धता र बैंकहरूको सुधारिएको दक्षताले लगानीको वातावरण थप सुदृढ बनेको बैंक तथा वित्तीय संस्थाले परियोजना बुझेर लगानी गर्न थालेकाले वित्तीय पहुँच बढेको कांग्रेसको स्वीकारोक्ति छ ।

नेपाली निजी क्षेत्रले अहिले ठूला जलविद्युत् आयोजना निर्माण गर्न सक्ने आत्मविश्वास र क्षमता हासिल गरेको उल्लेख गर्दै सो दलले यस प्रकारको उत्साहलाई ठोस नतिजामा बदल्न आवश्यक नीतिगत सहजता र वित्तीय स्रोतको सही परिचालन गर्न सकिएको खण्डमा जलविद्युत् क्षेत्र मुलुकको औद्योगिक क्रान्तिको मुख्य आधार बन्ने उल्लेख गरेको छ ।

कांग्रेसले ऊर्जा सुरक्षालाई मध्यनजर गरी राष्ट्रिय ऊर्जा सुरक्षा नीति तय गर्ने, मुलुकको आर्थिक उन्नति, गरिबी निवारण र वातावरण संरक्षणसँग जोडेर हरेक नागरिकका लागि भरपर्दो र आधुनिक ऊर्जा सुनिश्चित गर्दै उर्जामा आत्मनिर्भर बन्ने कार्यक्रम समेटेको छ ।

कांग्रेसको प्रतिज्ञापत्रमा बुढीगण्डकी र दूधकोशीजस्ता ठूला आयोजना अघि बढाउने र हाल करिब ४५० युनिटको हाराहारीमा रहेको प्रतिव्यक्ति विद्युत् खपतलाई आगामी पाँच वर्षभित्र ७५० युनिट पुर्‍याउने विषयलाई प्राथमकितामा राखेको छ ।

बढ्दो खपत घट्दो महसुलको अवधारणालाई कार्यान्वयनमा लैजाने लक्ष्य राखेको कांग्रेसले हाल करिब चार हजार मेगावाट विद्युत् जडित क्षमता रहेकामा अन्तरराष्ट्रिय एवं निजी क्षेत्रको समेत सामूहिक लगानी जुटाएर सौर्य विद्युत्सहित थप करिब १० हजार मेगावाट क्षमताका आयोजनालाई निर्माण चरणमा लैजाने बताएको छ । त्यसका लागि नीतिगत र नियामकीय सुधार गरी कुल जडित क्षमता वृद्धि गर्ने बताएको छ ।

कांग्रेसले सरकारबाट 'भायाबिलिटी ग्याप फन्डिङ' उपलब्ध गराउँदै बुढीगण्डकी र दूधकोशीजस्ता जलाशययुक्त एवं अर्धजलाशययुक्त बेतन कर्णाली र चैनपुर सेती आयोजनाको निर्माण राष्ट्रिय प्राथमिकताका साथ सुरु गर्ने बताएको छ ।

विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय हितको अधिकतम रक्षा गर्दै प्राविधिक र राजनीतिक सहमतिमार्फत कार्यान्वयनमा लैजान गम्भीर पहल गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

जलविद्युत् आयोजनाले पालना गर्नुपर्ने वन, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रियालाई छ महिनाभित्र टुङ्ग्याउने गरी एकद्वार प्रणालीको व्यवस्थासहित कानुनी सुधार गर्ने विषय प्राथमिकतामा छ ।

हाल आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको जलविद्युत् कम्पनीहरूको १० प्रतिशत अग्राधिकार सेयर खरिद गर्न सम्बन्धित विपन्न परिवारका लागि लाभांशबाट क्रमशः तिर्दै जानेगरी सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था गर्ने कांग्रेसको योजना छ । आयोजना निर्माणमा संलग्न नेपाली नागरिक श्रमिकलाई पनि त्यस्तो सेयर खरिद गर्ने व्यवस्था र आर्थिक सहुलियत प्रदान गरिने भएको छ ।

स्वदेशी खपतपछि जगेडा हुनजाने विद्युत् निर्यातका लागि अन्तरदेशीय व्यापारमा रहेका जटिलता फुकाउन छिमेकी देशहरूसँग राजनीतिक र कूटनीतिक पहलमा जोड दिने, नेपाल-भारत विद्युत् व्यापारलाई उपक्षेत्रीय तहसम्म विस्तार गर्न प्रभावकारी आर्थिक कूटनीति अवलम्बन गर्ने कांग्रेसको योजना छ ।

**'स्वच्छ ऊर्जा, स्वदेशमा खपत हरित विकास, विदेशमा निर्यात'** नाराका साथ नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले जलविद्युत्, सौर्य, ग्रीन हाइड्रोजनसमेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजना सम्पन्न गर्ने योजना अगाडि सारेको छ ।

ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबका रूपमा विकास गर्ने, विद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् उपभोग दोब्बर बनाउने कार्यक्रम सो दलले आफ्नो घोषणापत्रमा समावेश गरेको छ ।

स्वच्छ ऊर्जा उत्पादन र प्रसारण तथा वितरण प्रणाली निर्माण गर्नका लागि राज्यको लगानी वृद्धि गर्ने एमालेको कार्यक्रम छ । निजी क्षेत्रलाई उत्पादनसँगै प्रसारण लाइन निर्माण र विद्युत् निर्यात गर्न उपयुक्त वातावरण विकास गर्ने एमालेको प्रतिबद्धता छ । जलविद्युत्, सौर्य ऊर्जा र ग्रीन हाइड्रोजनसमेत विकास गरी ऊर्जा आपूर्तिको विश्वसनीय प्रणाली स्थापित गर्ने सो दलको भनाइ छ ।

हिउँदको समयमा समेत विद्युत् आपूर्तिको समस्या नरहनेगरी माथिल्लो अरुण, दूधकोशी र बुढीगण्डकी आयोजनाको कार्यान्वयन गर्ने तथा निजी विद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्ने सबै प्रकारको प्रयास गर्ने सो दलको कार्यक्रममा समावेश छ ।

सुनकोशी-मरिन तथा भेरी बबईजस्ता नदी पथान्तरणका सिँचाइ तथा विद्युत् आयोजना सम्पन्न गर्ने, कृषि, उद्योग, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय र वित्तीय क्षेत्रबाट हुने ऊर्जाको मागलाई प्राथमिकताका साथ आपूर्ति गरिने विषयलाई एमालेले प्राथमितामा राखेको छ ।

कुल गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने, तराई, उपत्यका र टारमा डिपबोरिङ तथा लिफ्ट प्रणालीबाट सिँचाइ गर्न आवश्यक विद्युत सेवा सुपथ महसुलमा उपलब्ध गराउने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ ।

सामुदायिक विद्युतीकरणलाई प्रोत्साहन गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको दिगो व्यवस्थापनका लागि मौजुदा नीति, कानुन र नियमलाई पुनरावलोकन गरी जनताको घरदैलोमा दैनिक उपभोगका लागि विद्युतीय सेवालाई सर्वसुलभ बनाउने लक्ष्य निर्धारण गरिएको छ ।

ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योग सञ्चालनका लागि र कृषिको औद्योगिकीकरणका लागि ऊर्जाको समुचित व्यवस्था गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम एमालेको रहेको छ ।

**नेपाली कम्युनिस्ट पार्टीले** विशेष प्राथमिकताका साथ ऊर्जा तथा पूर्वाधार विकासलाई आफ्नो प्रतिबद्धतापत्रमा समावेश गरेको छ । त्यसमा जलविद्युत्, नवीकरणीय ऊर्जा तथा एकीकृत करिडोरको विषय अगाडि सारिएको छ ।

नेकपाले प्रतिव्यक्ति विद्युत् खपत पाँच वर्षमा ७५० किलोवाट घण्टा पुर्‍याउने विषय समावेश गरेको छ । हाल नै प्रतिव्यक्ति विद्युत् खपत ३८० किलोवाट घण्टाबराबर पुगेको छ ।

त्यसैगरी, विसं २१०० सम्म ४० हजार मेगावाट बिजुली उत्पादन गर्ने दीर्घकालीन लक्ष्य नेकपाले तय गरेको छ । विद्युत् उत्पादनको प्रक्रिया सुरु गर्दा १० हजार जनाले प्रत्यक्ष वा परोक्ष रूपमा रोजगारी पाउने अवस्थामा नेकपाले ऊर्जा क्षेत्रलाई समृद्धिको आधारका रूपमा व्याख्या गरेको छ ।

यस्तै, आगामी पाँच वर्षमा १० हजार मेगावाट बिजुली थप गर्ने लक्ष्य समेत नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । हाल निर्माणमा रहेका आयोजना, निर्माणमा जान ठिक्क भएका आयोजना र निर्माण सकिने चरणमा रहेका आयोजना जोडिनेबित्तिकै यो लक्ष्य पूरा हुन्छ ।

यस्तै, भारत र बङ्गलादेशमा थप व्यवस्थित तरिकाले बिजुली निर्यात गर्ने नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । केही कानुनी प्रश्नहरूको तत्काल समाधान गर्ने उल्लेख गरेको नेकपाले समाधान गर्ने र नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागजस्ता संस्थाको नेतृत्वमा कामकाजी मान्छे ल्याउनेबित्तिकै सबैभन्दा देखिनेगरी प्रगति यही ऊर्जा क्षेत्रमा नै हुने देखिन्छ । नेकपाले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर प्रतिबद्धतापत्रमा समावेश गरेकाले पनि यो वस्तुनिष्ठ र व्यावहारिक देखिन्छ । उज्यालो नेपालको नेतृत्वकर्ता भएकाले नेकपाको प्रतिबद्धतापत्र अन्यको तुलनामा वैज्ञानिक र कार्यान्वयनमुखी रहेको देखिन्छ ।

**राष्ट्रिय स्वतन्त्र पार्टीले** आगामी दशकमा ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्वाकाङ्क्षी लक्ष्य निर्धारण गरेको छ । ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरणसम्बन्धी विद्यमान कानुनमा सुधार र परिमार्जन गरिनेछ । यस्तै, हाल आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी एकल बिन्दु सेवा केन्द्रमार्फत काम हुने वातावरण बनाउने सो दलको योजना छ ।

जलस्रोत नीतिको तयारी गरी लागू गर्ने, पम्प स्टोरेज वा अन्य प्रविधिमा आधारित भण्डारण, वितरण प्रणालीमा निजी क्षेत्रमैत्री वा सहभागितामा काम गर्ने सो दलको प्रतिबद्धतापत्रमा उल्लेख छ ।

यस्तै, सौर्य प्रणालीको विकास र विस्तार, आन्तरिक विद्युत् खपत वृद्धि उद्योगसम्म प्रसारण लाइन विस्तार गर्ने योजना अगाडि सारेको सो दलले ऊर्जामा आधारित ठूला उद्योगको विकास गर्ने लक्ष्य राखेको छ । सिमेन्ट, रासायनिक मल उद्योग, डाटा सर्भर, वितरण प्रणालीमा सुधार गरिनेछ । यस्तै, बिजुलीको महसुलमा पुनर्संरचना, सन् २०३५ सम्म प्रतिव्यक्ति खपत एक हजार ५०० किलोवाट घण्टा पुर्‍याउने लक्ष्य राखिएको छ ।

ऊर्जा निर्यातका लागि भारत र बङ्गलादेशसँग ऊर्जा कूटनीतिक अवलम्बन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने सो दलको कार्यक्रम छ । यस्तै, सीमापार प्रसारण लाइनको विस्तार, ऊर्जा बजार पहुँच र स्थिर खरिद बिक्री संरचनामार्फत नेपाललाई विश्वसनीय ऊर्जा आपूर्तिकर्ता बनाउने लक्ष्य सो दलले राखेको छ ।

उज्यालो नेपाल पार्टीले पनि ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्त्वपूर्ण योजना र कार्यक्रम अगाडि सारेको छ । निर्वाचनमा भाग लिन लागेका अधिकांश राजनीतिक दलको प्रतिबद्धतामा ऊर्जा क्षेत्रले विशेष प्राथमिकता पाएको छ । आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा यो क्षेत्र स्थापित हुँदा बेरोजगारीको अन्त्य, आर्थिक विकास र समृद्धिको ढोका खुल्ने जानकारहरूको टिप्पणी छ । यस्तै, केहीले भने कार्यान्वयनको प्रक्रियामा जाँदा के-कसो हुने हो, त्यसलाई मध्यनजर गरेर मात्र यस विषयलाई थप प्रष्ट पार्न सकिने उल्लेख गरेका छन् ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# माध्यमिकी परिक्रमालाई जलेश्वरमा भव्य स्वागत

महोत्तरी, ८ फागुन (रासस)।

मिथिलाको महाकुम्भ मानिएको १५ दिने माध्यमिकी परिक्रमालाई शुक्रबार महोत्तरीको सदरमुकाम जलेश्वरमा भव्य स्वागत गरिएको छ।

सोमबार धनुषाको कचुरीस्थित मिथिला विहारी कुटीबाट मिथिला विहारी तथा जनकपुरस्थित अग्नि कुण्डका किशोरी जीको डोलासाथ धार्मिक विधिअनुसार जानकी मन्दिरहुँदै धार्मिक झाँकी भजनकीर्तनसहित सुरु भएको परिक्रमा मङ्गलबार सीमावर्ती भारतीयगाउँ कलानेश्वरमा बुधबार भारतकै गीरिजास्थान (फुल्हर), तेस्रो दिनको विश्राम बिहीबार महोत्तरीको मटिहानीमा र शुक्रबार चौथो पराक्रमका लागि महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्दा परिक्रमालाई भव्य स्वागत गरिएको छ।

बाजा, गाजा, साधु, नागा, नाचगानकासाथ भगवान राम र माता जानकीको डोलालिएर लाखौंको सङ्ख्यामा महोत्तरीको जलेश्वर प्रवेश गरेका परिक्रमालाई स्वागत गर्दै जलेश्वरवासी तथा महोत्तरी प्रशासनले विशेष पूजापाठ गरी नगर प्रवेश गराएका छन्। जलेश्वरवासीले ठाउँ ठाउँमा परिक्रमा यात्रीका लागि निःशुल्क भोजन, पानी, दाउरा, बिजुलीको व्यवस्था मिलाएको छ।

परिक्रमाका सहभागीहरू शुक्रबार महोत्तरी सदरमुकाम जलेश्वरमा चौथो पराव, मडैमा पाँचौं, ध्रुवकुण्डमा छैठौं, र कञ्चनवनमा सातौं दिनको बास बसेर आठौं दिनको पराव पुनःधुनषा जिल्लाको पर्वतामा बस्नेछन्। त्यसपछि धनुषाधाम, औरही, सतोषर हुँदै पुनःभारतको विशौल र त्यसपछि भारतकै कलानेश्वर र फागुपूर्णिमाको दिन जनकपुर फर्कने छ।

परिक्रमामा सहभागीका लागि वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले सहभागीको सुविधाका लागि पन्ध्रवटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको छ। नेपाल र भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रममा यात्राको नेपालमा १३ तथा भारतमा दुई गरी १५ विश्रामस्थल छन्।

मिथिला महात्मयमायी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ। मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धर्म यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाईदै आएको हो। यस परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सतामढी, बैजनाथधामका साधुहरू उल्लेख्य रूपमा सहभागी भएका छन्। फागुन शुक्लप्रतिपदाको शुभ साइतबाट प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगी होली खेलेर फागुन पूर्णिमा तिथिपारी समापन गरिने परम्परा छ।

यस परिक्रममा सहभागी हुनाले मन बचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता छ। मिथिला महात्म्यअनुसार अठारौं सताब्दीदेखि माध्यमीकि परिक्रम मनाईदै आएको र यस धर्मयात्राका सहयात्रीले रात्रिभजनकीर्तन गरी १५ दिन बिताउने गर्दछन्। विश्वकै सर्वाधिक लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रु भारतको कलना, फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडै,ध्रुवकुण्ड, कञ्चनवनहुँदै धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा एक एकरात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुर आइपुग्छन र पूर्णिमाको दिन बिहानै जनकपुरको अन्तगृह परिक्रमा गरी होलिखेली १५ दिवसीययात्रा सम्पन्न गरिन्छ।

सुख समृद्धि मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फलप्राप्ति हुने विश्वास व्यक्तगर्दै यस धर्म यात्राका यात्रुले नेपालको १०७ तथा भारतको २६ गरी १३३ किलोमिटर भूमिको पैदलयात्रा गर्ने मान्यता छ। प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा निमार्ण गरिएका कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वर शिवालयलाई आधार मानि यो परिक्रमा यात्रा सुरु गरिएको हो। मिथिलाको महाकुम्भसमेत नामाकरण गरिएको यस परिक्रमा यात्रामा नेपाल भारतका हजारौं साधुसन्त महन्थ र गृहस्थको सहभागिता रहेको छ।

# एमाले घोषणापत्र : श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार पुर्‍याइने

काठमाडौं, ८ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रतिनिधिसभा निर्वाचन २०८२ घोषणापत्र सार्वजनिक गरेको छ। बिहीबार यहाँ आयोजित कार्यक्रममा पार्टी अध्यक्ष केपी शर्मा ओलीले घोषणा पत्र सार्वजनिक गर्नुभएको हो।

एमालेले तत्काल गर्नुपर्ने ११ काम, पाँच विकासका लागि आधारभूत घोषणा र २५ समृद्धिको स्तम्भ समेटिएको घोषणा पत्र सार्वजनिक गरेको हो। एमालेले आफ्नो नेतृत्वमा सरकार बनेपछि पहिलो मन्त्रिपरिषद् बैठकबाट घोषणा पत्रमा समेटिएका तत्काल गर्नुपर्ने ११ काम गर्ने उल्लेख गरेको छ। घोषणापत्रमा श्रमिकको तलब न्यूनतम पारिश्रमिक २५ हजार पुर्‍याउने उल्लेख छ।

यस्तै सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड तथा कक्षा १० सम्मका विद्यार्थीलाई खाजाको व्यवस्था गर्ने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ।

यसैगरी १८ वर्षदेखि २८ वर्ष उमेर समूहका युवालाई एक वर्षसम्म निःशुल्क हरेक महिना १० जीवी इन्टरनेट डाटा, युवा र उद्यमीलाई रु १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ।

सूचना प्रविधि र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपभोग गर्न सहज बनाइ १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउने वाचा गरेको छ। एमालेले वैदेशिक रोजगारमा रहेका श्रमिकले विप्रेषण पठाउनेलाई बैंक खातामा रु पाँच हजार थप गर्ने तत्काल गर्नुपर्ने काममा उल्लेख गरेको छ। प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई रु २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, स्वास्थ्य स्वयंसेविकालाई रु २० हजार भत्ता र सामाजिक सुरक्षा उपलब्ध गराउने एमालेको घोषणा पत्रमा भनिएको छ।

यस्तै रु २० हजार सुत्केरी भत्ता र रु पाँच लाखसम्मको निःशुल्क जीवन बिमा उपलब्ध गराउने घोषणा पत्रमा उल्लेख गरिएको छ। एमालेले राज्यद्वारा गरिब परिवारको रुपमा पहिचान भएका घर परिवारले बैंक तथा वित्तीय संस्थाबाट २०८२ भदौसम्म लिएको रु २५ हजारसम्मको ऋण मिनाह गराउने भएको छ। शिक्षकको मर्यादा तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउने, सुरक्षाकर्मीको सम्मान र कल्याणका लागि पेशागत मर्यादा, सेवा सुविधा, सामाजिक सुरक्षा र स्वास्थ्य उपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चिता गर्ने एमाले घोषणापत्रमा उल्लेख गरिएको छ।

**अर्थतन्त्रको आकार पाँच वर्षमा एक सय खर्ब**

एमालेले कृषिको उत्पादत्व, विद्युत् उत्पादन क्षमता बढाउँदै, खनिज तथा औद्योगिक उत्पादन र भौतिक पूर्वाधारमा फड्को मार्दै ७ देखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धिदर बढाउने घोषणापत्रमा उल्लेख छ। अर्थतन्त्रको आकार पाँच वर्षमा एक सय खर्ब रुपैयाँ र १० वर्षमा रु २०० खर्ब पुर्‍याउने एमालेको लक्ष्य छ।

प्रतिव्यक्ति आम्दानी पाँच वर्षमा करिब तीन हजार अमेरिकी डलर पुर्‍याउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ। एमालेले दुई वर्षमा सबैको घरमा खानेपानी पुर्‍याउने वाचा गरेको छ।

**पाँच लाख रोजगारी सिर्जना**

एमालेले उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने भएको छ।

उद्योग क्षेत्रको विस्तार गरेर कूल ग्राहस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दोब्बर बनाउने, पर्यटन पूर्वाधारको विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा गर्दै पाँच वर्षमा पर्यटकको आगमन दोब्बर बनाउने घोषणापत्रमा उल्लेख छ।

पाँच वर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, सबै स्थानीय तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमा नै उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ। सबै सडकलाई दुई लेनको बनाउने र एक लेनका सडकलाई दुई लेनको बनाउने एमालेको घोषणापत्रमा उल्लेख छ।

एमालेले सबै राष्ट्रसँग सम्मानजनक सम्बन्ध राख्दै कुनै पनि राष्ट्रको स्वाधिनता, स्वनिर्णय र भौगोलिक अखण्डतामाथिको अतिक्रमण तथा हस्तक्षेप अस्वीकार गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ। घोषणापत्र सार्वजनिक कार्यक्रममा एमाले अध्यक्ष ओलीसहित उपाध्यक्ष रामबहादुर थापा, रघुजी पन्त, उपमहासचिव योगेश भट्टराई, सचिव छविलाल विश्वकर्मालगायत नेता सहभागी हुनुहुन्थ्यो।

# काठमाडौंको प्रदूषण घट्दै

काठमाडौं, ८ फागुन (रासस)।

काठमाडौं उपत्यकाको वायुप्रदूषण घटिरहेको छ। शुक्रबार दिउँसो वायुप्रदूषण घटेर वायु गुणस्तर सूचकाङ्क (एक्युआइ) ९९ पुगेको छ।

गत मङ्गलबार उपत्यकाको एक्युआइ १९१ पुगेको थियो भने बुधबार सोही समयमा घटेर ११४ मा झरेको थियो। हावा चल्ने दर बढेसँगै वायुप्रदूषण पनि घटेको वातावरण विभागले जनाएको छ।

एक्युआइका अनुसार मङ्गलबार काठमाडौं विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा शुक्रबार १८औं स्थानमा झरेको छ। हाल पाकिस्तानको लाहोर ३७३ एक्युआइसहित पहिलो र भारतको कोलकाता १८६ एक्युआइसहित दोस्रो स्थानमा छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सुख्खा मौसममा वायुप्रदूषण बढ्ने र वर्षा हुँदा तथा हावा चल्दा वायुप्रदूषण घट्ने जानकारी दिनुभयो। "वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने र हावाले धुलो तथा

बाँकी अन्तिम पृष्ठमा

# विश्व समाचार

## भारत अमेरिका नेतृत्वमा सुरक्षित प्रविधि साझेदारीमा सामेल

नयाँदिल्ली, ८ फागुन (रासस/एपी)।

टेक्नोलोजी सुरक्षा र आपूर्ति शृङ्खलालाई सुदृढ पार्ने उद्देश्यले भारत शुक्रबार अमेरिकी नेतृत्वको रणनीतिक पहल, प्याक्स सिलिका, मा प्रवेश गरेको छ। यो कदमले भारत र अन्य लोकतान्त्रिक साझेदार राष्ट्रबीच नयाँ प्रविधि साझेदारी र सुरक्षा सहयोगको अवसरलाई जोड्नेछ, साथै हालैको रूसी तेल आयातको विषयमा छोटो तनावपछि भारत-अमेरिका सम्बन्धलाई पुनःस्थापित गर्ने सङ्केत पनि हो।

प्याक्स सिलिकामा जापान, दक्षिण कोरिया, बेलायत, इजरायल लगायतका देशहरू सहभागी छन्। यस पहलको मुख्य उद्देश्य अर्धचालक (सेमीकन्डक्टर) डिजाइन, निर्माण, अनुसन्धान र आपूर्ति शृङ्खलामा साझेदार राष्ट्रबीच लचिलोपन र भरोसा योग्य नेटवर्क विकास गर्नु हो। यसले चीनको प्रभुत्व रहेको उत्पादन केन्द्रहरूमा निर्भरता घटाउने रणनीतिक लक्ष्यलाई पनि समर्थन गर्छ।

अमेरिकी राजदूत सर्जियो गोरले हस्ताक्षर अघि भन्नुभयो, "प्याक्स सिलिका राष्ट्रहरूको समूह हुनेछ जसले टेक्नोलोजी मार्फत स्वतन्त्र मानिस र स्वतन्त्र बजारलाई सशक्त बनाउनुपर्छ। भारतको प्रवेशले केवल प्रतीकात्मक नभई रणनीतिक आवश्यकतालाई पनि दर्शाउँछ।"

भारत-अमेरिका सम्बन्धमा हालैको सुधार आर्टिफिसियल इन्टेलिजेन्स (एआई) शिखर सम्मेलन र द्विपक्षीय व्यापार सम्झौतासँग मेल खाँदै आएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस महिनाको सुरुमा भारतमा आयात शुल्क २५ प्रतिशतबाट १८ प्रतिशतमा घटाउने घोषणा गर्नुभएको थियो भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रूसी तेल खरिदमा लगाइएको अतिरिक्त २५ प्रतिशत लेवी हटाउन सहमति जनाउनुभएको थियो। सन् २०२२ मा मस्कोको युक्रेन आक्रमणपछि भारतले रूसी तेल आयात बढाएको थियो, जसको पश्चिमी साझेदारहरूले आलोचना गरेका थिए।

प्याक्स सिलिकामा भारतको प्रवेश र व्यापार छुटहरूले रणनीतिक रूपमा भारतको भूमिकालाई इन्डो-प्यासिफिक क्षेत्रमा एक प्रमुख अमेरिकी साझेदारका रूपमा सुदृढ बनाउने अपेक्षा गरिएको छ। गोरले भन्नुभयो, "व्यापार सम्झौतादेखि प्याक्स सिलिकासम्म र रक्षा सहयोगसम्म हाम्रा दुई राष्ट्रका लागि सँगै काम गर्ने सम्भावना साँच्चै असीमित छ।"

## हमास : गाजाको पुनर्निर्माण आक्रमण रोकिएपछि मात्र सुरु हुनुपर्छ

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), ८ फागुन (रासस/एएफपी)।

प्यालेस्टिनी इस्लामवादी आन्दोलन हमासले गाजाको भविष्यबारेको राजनीतिक प्रक्रिया इजरायली 'आक्रमण' पूर्ण रूपमा रोकिएपछि मात्र सुरु हुनुपर्ने बताएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शान्ति बोर्डको पहिलो बैठकपछि बिहीबार जारी विज्ञप्तिमा हमासले नाकाबन्दी हटाउने, जनताको वैध राष्ट्रिय अधिकार सुनिश्चित गर्ने र स्वतन्त्रता तथा आत्मनिर्णयको अधिकारलाई पहिलो प्राथमिकताका रूपमा राख्नुपर्ने जोड दियो।

ट्रम्पको बोर्डको उद्घाटन सत्र वासिङ्टनमा भएको थियो, जहाँ धेरै देशले प्यालेस्टिनी क्षेत्रको पुनर्निर्माणमा आर्थिक र मानवस्रोत सहयोग दिने प्रतिज्ञा गरे। गाजा र हमासबीचको युद्धविराम चार महिनाभन्दा लामो समयदेखि कायम छ।

यद्यपि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले पुनर्निर्माण सुरु हुनुअघि हमासलाई निःशस्त्र बनाउनुपर्नेमा जोड दिनुभएको छ। "गाजाको निःशस्त्रीकरण हुनु अघि पुनर्निर्माण सुरु हुने छैन भन्नेमा हामी अमेरिका साझेदारसँग सहमत छौं", नेतान्याहूले भन्नुभयो। इजरायली प्रतिनिधित्व विदेशमन्त्री गिदोन सारले गर्नुभएको थियो, प्रधानमन्त्री वासिङ्टनमा उपस्थित हुनुभएन।

खाडीका देशहरूले समेत गाजाको पुनर्निर्माणका लागि सात अर्ब डलरभन्दा बढी योगदान गर्ने वाचा गरेका छन्। मुस्लिम बहुल इन्डोनेसियाले नवजात अन्तर्राष्ट्रिय स्थिरीकरण बलमा उप-कमान्डरको भूमिका निर्वाह गर्ने अमेरिकी प्रमुख मेजर जनरल जास्पर जेफर्सले बताउनुभयो। नोभेम्बरमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले गाजाका लागि योजना अनुमोदन गरेपछि ट्रम्पले मोरक्को, कजाकिस्तान, कोसोभो र अल्बानियासहित पाँच देशले सेना उपलब्ध गराउने प्रतिबद्धता जनाएको जानकारी दिनुभएको छ।

यो पहल गाजाको दीर्घकालीन स्थिरीकरण र क्षेत्रीय सुरक्षा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साझेदारी र कूटनीतिक प्रयासलाई बलियो बनाउने दिशामा लिइएको कदमका रूपमा हेरिएको छ।

## एक वर्षमा ४० लाख भन्दा बढी अफगान शरणार्थीहरू स्वदेश फिर्ता

काबुल, (रमासस/सिन्ह्वा)।

लगभग एक वर्षको समय अवधिमा ४० लाख भन्दा बढी अफगान शरणार्थीहरू आफ्नो मातृ भूमि अफगानिस्तानमा फर्केको शरणार्थी र स्वदेश फिर्ती मन्त्रालयका प्रवक्ता अब्दुल मुतालिब हक्कानीले बताउनु भएको छ।

चालु वर्षको सुरु देखि अफगानिस्तानमा ४० लाख ७६ हजार ८०८ जना अफगान शरणार्थीहरू फर्केको जनाइएको छ। फर्किनेहरुमा स्वेच्छाले फर्केका र निर्वासितहरू समेत समावेश रहेको अफगानिस्तानका रेडियो टेलिभिजन लगायतका मिडियाले हक्कानीलाई उद्धृत गर्दै जनाएका छन्।

स्वदेश फर्केका, अस्थायी रूपमा शिविरमा बसेकाहरु सबैलाई अत्यावश्यक सहायता प्राप्त गरे पछि आ-आफ्नो गृह प्रान्तमा सारिएको आधिकारिक मिडियाहरुले जनाएका छन्।

सन् २०२१ अगस्ट मा अफगान सरकारले सत्ता सम्हाले पछि ८० लाख भन्दा बढी अफगान शरणार्थीहरू स्वेच्छाले छिमेकी राज्य र अन्य देशहरूबाट स्वदेश फर्केको जनाइएको छ।

# निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय बनाउन सबैको सहयोग आवश्यक : कावा आयुक्त भण्डारी

मोरङ, ८ फागुन (रासस)।

निर्वाचन आयोगका कार्यवाहक आयुक्त रामप्रसद भण्डारीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न प्रतिबद्ध आयोगलाई सरोकार भएका सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको छ।

निर्वाचन आयोग र नेपाल कानुन समाजद्वारा शुक्रबार विराटनगरमा आयोजित ‘निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका’ विषयक अन्तरक्रिया कार्यक्रममा कार्यवाहक आयुक्त भण्डारीले बढीभन्दा बढी जनताको सहभागितासहित निर्वाचनलाई ऐतिहासिक एवं उत्सवमय बनाउने कार्यमा सम्बद्ध सबैबाट क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने जोकोही कारवाहीको भागिदार हुने स्पष्ट गर्दै विधि र प्रक्रियालाई पालना गरी संयमित भएर निर्वाचन प्रक्रियामा सरिक हुन सबैसँग अनुरोध गर्नुभयो। कार्यवाहक आयुक्त भण्डारीले निर्वाचन प्रचारप्रसारलगायत गतिविधिमा भारतीय नम्बरप्लेटको सवारीसाधनको प्रयोग निषेध गरिएको जानकारी दिँदै त्यसतर्फ सचेत रहन राजनीतिक पार्टी तथा उम्मेदवारको ध्यानाकर्षण गर्नुभयो।

मितव्ययी भई यथासक्य कम खर्चमा निर्वाचन सम्पन्न गर्न लागेको प्रसङ्ग उल्लेख गर्दै उहाँले तोकिएको सीमाभित्र रही खर्च व्यवस्थापन गर्न सम्वद्ध सबैसँग अनुरोध गर्नुभयो।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय बनाउने सन्दर्भमा निर्वाचन आयोगबाट प्राप्त प्रतिबद्धतालाई साकार तुल्याउन कोशी प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने दृढता व्यक्त गर्नुभयो।

प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले निर्वाचनमा आचारसंहिता अनुगमनका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने सुझाव दिनुभयो। उहाँले निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गर्ने अभियानमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रप्रसाद पौडेलले निर्वाचन आचारसंहिता पालनमा सबै दल एवं उम्मेदवारबाट साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा आयोजक संस्थाका प्रशासकीय निर्देशक गणेशमान प्रधान, प्रदेश निर्वाचन अधिकारी चोलाराज दङ्गालले निर्वाचनलाई स्वच्छ, भयरहित तथा निष्पक्ष रूपमा सम्पन्न गर्न आचारसंहिता पूर्ण रूपमा पालना हुनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा प्रदेशअन्तर्गत विभिन्न जिल्लाका सुरक्षा निकायका प्रमुख, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरू, निर्वाचन कार्यालयका प्रमुख, कानुनविद्, मानवअधिकार तथा सञ्चारकर्मीहरूको सहभागिता थियो।

# मतदाता शिक्षासम्बन्धी टिकटक बनाउनुस्, ५० हजार जित्नुस्

काठमाडौँ, ८ फागुन (रासस)।

तपाईं टिकटक कत्तिको चलाउनुहुन्छ ? रमाइलोका लागि चलाउँदै आउनुभएका टिकटकलाई अब राष्ट्रिय रूपमा योगदान पनि गर्न सक्नुहुन्छ।

राष्ट्रिय महायज्ञका रूपमा लिइएको निर्वाचनलाई टिकटक बनाएरै सहयोग गर्न सक्नुहुनेछ। यस्तै, त्यसबाट आकर्षक पुरस्कारसमेत प्राप्त गर्न सक्नुहुन्छ। रमाइलोका लागि हेरिन वा बनाइने टिकटक बनाएर निर्वाचनको माहोल बनाउन, प्रचारप्रसार गर्ने र मतदाता शिक्षा प्रदान गर्न सकिनेछ। युवामाझ लोकप्रिय रहेको सामाजिक सञ्जाललाई आयोगले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गर्न लागेको छ।

यही फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रमा राखेर आयोगले टिकटक भिडियो बनाउने निर्वाचनलाई केन्द्रमा राखेर निर्वाचन आयोगले टिकटक भिडियो बनाउने अभियान चलाउने भएको छ।

राष्ट्रिय महत्त्वको निर्वाचनलाई भव्य, सभ्य बनाउनका लागि आयोगले टिकटक भिडियो बनाउने प्रतियोगिता सञ्चालन गर्ने भएको छ। निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षाका लागि यस खालको प्रतियोगिता अगाडि बढाउन लागेको हो।

निर्वाचन आचारसंहिता तथा मतदाता शिक्षाजस्ता विषयमा आधारित भएर एक मिनेटबराबरको टिकटक भिडियो बनाई आफ्नो सामाजिक सञ्जालमा राख्नुपर्ने छ। यही फागुन १७ गतेसम्म आयोगको इमेलमा समेत टिकटक पठाउनुपर्नेछ।

आयोगमा प्राप्त भएका सबै टिकटक भिडियोमा सबैभन्दा बढी भ्युअर्स भएका टिकटकलाई आयोगले निश्चित रकम प्रदान गर्नेछ। आयोगले त्यस्ता टिकटकलाई धेरै भ्युअर्स भएको पहिलो टिकटकलाई रु ५० हजार, दोस्रोलाई रु ३० हजार र तेस्रोलाई रु २० हजारका दरले पुरस्कृत गरी प्रमाणपत्र प्रदान गर्नेछ।

टिकटक भिडियो प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को परिवेशमा तयार पार्नुपर्नेछ। भिडियो संवादमूलक एवं सन्देशमूलक हुनुपर्नेछ। आफ्नै मौलिक, अडियो र अभिनय भएको भिडियोलाई विशेष प्राथमिकता दिइने आयोगले जनाएको छ।

निर्वाचनको सामान्य जानकारी, निर्वाचनको आवश्यकता, महत्व र मतपत्रमा छाप लगाउने सही तरिका, निर्वाचन आचारसंहिताको पालना, मतदाताको अधिकार र कर्तव्यका बारेमा जानकारी दिइएको हुनुपर्नेछ। यस्तै, मतदाताको अधिकार र कर्तव्य, मतदाताले कस्तो उम्मेदवार छनोट गर्नुपर्छ भन्ने जानकारीजस्ता छुट्टाछुट्टै विषयवस्तुमा आधारित भएर भिडियो बनाउनुपर्नेछ।

कुनै एक व्यक्तिले एउटा विषयमा एउटा भिडियो पठाउन सक्नेछन्। साथै दुई वा दुईभन्दा बढी व्यक्ति समावेश भएर भिडियो निर्माण गर्न सक्ने आयोगले जनाएको छ। त्यसरी प्राप्त भएका भिडियोमा आयोगको अधिकार रहनेछ। भिडियो सन्देशलाई आयोगले आफ्ना सामाजिक सञ्जालबाट प्रसारण गर्न स्क्नेछ। तोकिएको शर्तहरूको पालना नभएका र म्याद नाघी प्राप्त भएका भिडियोहरू स्वीकार गरिनेछ। उत्कृष्ट भिडियोको छनोट स्वतन्त्र विज्ञ तथा आयोगबाट हुने सूचनामा उल्लेख छ।

# एमाले नेता मानन्धर कांग्रेसमा प्रवेश

काठमाडौँ, ८ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं पूर्वमन्त्री रामवीर मानन्धरसहित चार नेता कांग्रेसमा प्रवेश गरेका छन्।

कांग्रेसले बिहीबार राष्ट्रियसभा गृहमा आयोजना गरेको प्रतिज्ञापत्र प्रश्नउत्तर कार्यक्रममा पूर्वमन्त्री मानन्धरसहित नेकपा (एमाले) रसुवाका पूर्वअध्यक्ष एवं संविधानसभा सदस्य जनार्दन ढकाल, नेपाली कम्युनिष्ट पार्टीका नेता दिपक केसी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता प्रणयशम्शेर राणा कांग्रेसमा प्रवेश गर्नुभएको हो। उहाँहरुलाई कांग्रेस सभापति गगनकुमार थापाले सदस्यता प्रदान गर्नुभयो।

कांग्रेस प्रवेश गर्नुभएका मानन्धर काठमाडौँ क्षेत्र नं ७ का पूर्वसांसद एवं काठमाडौँ महानगरपालिका-१६ का पूर्ववडाध्यक्ष हुनुहुन्छ। पार्टी प्रवेश कार्यक्रममा सभापति थापाले लोकतान्त्रिक मूल्य, सुशासन र उत्तरदायी शासन प्रणाली निर्माणमा कांग्रेस प्रतिबद्ध रहेको उल्लेख गर्दै अनुभवी नेताहरूको सहभागिताले पार्टी थप बलियो हुने विश्वास व्यक्त गर्नुभयो।

# पार्टीको झन्डा जलाइएकामा एमालेको ध्यानाकर्षण

काठमाडौँ, ८ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ताले बिहीबार राति दाङको तुल्सीपुरमा आफ्नो चुनाव चिह्न ‘सूर्य’ अङ्कित झन्डा जलाएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

एमालेका केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले शुक्रबार विज्ञप्ति जारी गरी अध्यक्ष केपी शर्मा ओलीविरुद्ध अपाच्य शब्दसहित नाराबाजी तथा महासचिव शङ्कर पोखरेलको गृहनगरमै रास्वपाका कार्यकर्ताले गरेको यो शैली राज्य, जनता, लोकतन्त्र र संविधानविरुद्धको अपराधजन्य कार्य भएको उल्लेख गर्नुभएको छ। उक्त घटनामा संलग्नलाई कानुनी कारवाही गर्न एमालेले माग गरेको छ।

### काठमाडौँको ...

प्रदुषणका कण उठाएर लैजाँदा प्रदुषण कम हुन्छ”, उहाँले भन्नुभयो, “दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएका छौँ।”

वातावरणविद् भूषण तुलाधारले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको सुझाव दिनुभयो।

एक्युआइको मापदण्डअनुसार शून्यदेखि ५० सम्म ‘राम्रो’ (हरियो सङ्केत), ५१ देखि १०० सम्म ‘सचेत रहनुपर्ने’ (पहेंलो संकेत), १०१ देखि १५० सम्म ‘अस्वस्थ’ श्रेणीमा पर्छ, जसले विशेषगरी श्वासप्रश्वास र मुटु रोगीलाई असर गर्नसक्ने जानकारहरू बताउँछन्। १५१ देखि २०० ‘सबैका लागि अस्वस्थ’, २०१ देखि ३०० ‘धेरै अस्वस्थ’ र ३०० भन्दा माथि ‘अत्यन्त खतरनाक’ मानिने वातावरणविद् तुलाधरले बताउनुभयो।

### अचारसंहिता विपरित ...

भनिएको छ।

राजनीतिक दल र त्यसका उम्मेदवारको पक्षमा खुलेर लाग्ने पत्रकारहरु माथि राजनीतिक कारणले आउन सक्ने कुनै पनि समस्याको जिम्मेवारी महासंघले नलिने र कुनै पहल, प्रयास समेत नगर्ने जानउँदै विज्ञप्तिमा त्यसतो परिस्थितिको जिम्मेवार स्वयं हुनुपर्ने अवगत गराइएको छ।

# सशस्त्र प्रहरी हेडक्वार्टरबाट निर्वाचनमा खटिए एक हजार ६ सय भन्दा बढी जनशक्ति

काठमाडौँ, ८ फागुन (रासस)।

सशस्त्र प्रहरी बल हेडक्वार्टरबाट निर्वाचन सुरक्षार्थ एक हजार ६०० भन्दाबढी जनशक्ति जिल्लामा खटिएका छन्। सशस्त्र प्रहरी मुख्यालय हलचोकबाट शुक्रबार देशका विभिन्न जिल्लामा फौज पठाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो।

यसैबीच, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले सुरक्षा संवेदनशीलतालाई मध्यनजर राखी निर्वाचन क्षेत्रमा परिचालन हुन निर्देशन दिनुभएको छ। ‘भर्चुअल’ माध्यममार्फत उहाँले सशस्त्र प्रहरीका सबै युनिटलाई निर्वाचन सुरक्षालाई अभियानका रूपमा लिई खटिन निर्देशन दिनुभएको हो।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*